(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# शिक्षा ऐन, २०२८

| | लालमोहर र प्रकाशन मिति |
|---|---|
| संशोधन गर्ने ऐन | २०२८।५।२४ |
| १. शिक्षा (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।७।४ |
| २. शिक्षा (दोस्रो संशोधन) ऐन, २०३६ | २०३६।८।५ |
| ३. शिक्षा (तेस्रो संशोधन) ऐन, २०३७ | २०३७।५।२६ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४१ | २०४१।७।२७ |
| ५. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ६. शिक्षा (चौथो संशोधन) ऐन, २०४५ | २०४५।७।१० |
| ७. शिक्षा (पाँचौं संशोधन) ऐन, २०४९ | २०४९।७।१३ |
| ८. शिक्षा (छैठौं संशोधन) ऐन, २०५५ | २०५५।१०।१ |
| ९. शिक्षा (सातौं संशोधन) ऐन, २०५८ | २०५८।१०।२५ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| १०. शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३➢ | २०६३।९।१४ |
| ११. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🡄 | २०६६।१०।७ |
| १२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १३. शिक्षा (आठौं संशोधन) ऐन, २०७३ | २०७३।३।१५ |
| १४. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४▬ | २०७४।६।३० |

---

➢ यो ऐन संवत् २०६३ साल साउन १७ गतेदेखि लागू भएको ।

🡄 यो ऐन संवत् २०६५साल जेठ १५ गते देखि लागू भएको।

▬ यो ऐन संवत् २०७५साल भाद्र १गते देखि लागू भएको।

१५. शिक्षा (नवौं संशोधन) ऐन, २०७४ २०७४।७।६
१६. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ २०७५।११।१९

२०२८ सालको ऐन नं. ८

2................

राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुरुप विद्यालयहरुमा दिइने शिक्षाको व्यवस्था गर्न बनेको ऐन

[७]प्रस्तावना: राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मुलुकभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:(१) यस ऐनको नाम "शिक्षा ऐन, २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल 2.......... भर लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।✸

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

[७] आठौं संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

✸ यो ऐन मन्त्रालयले देहायका मितिदेखि देहायका जिल्लामा लागू गरेको छः–

| मिति | लागू भएका जिल्ला |
|---|---|
| २०२८।७।१५ | चितवन, कास्की, |
| २०२९।६।१५ | दाङ, बाँके, बाग्लुङ, रुपन्देही, धनुषा, काभ्रे, सप्तरी, धनकुटा, मोरङ, झापा, जुम्ला, कैलाली, कञ्चनपुर । |
| २०३०।७।१ | इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, संखुवासभा, सुनसरी, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, गोरखा, मनाङ्ग, लमजुङ, तनहुँ, स्याङजा, सुर्खेत । |

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

■(क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

α(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

৬(ख१) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

⌘(ग) ................

৬(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

৬(घ१) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

◎(घ१क) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ:–

---

२०३१।६।२१ सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, उदयपुर, सिराहा, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, महोत्तरी, नुवाकोट, मुस्ताङ, म्याग्दी, पर्वत, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी, कपिलवस्तु ।

२०३२।६।२० दार्चुला, बैतडी, डडेलधुरा, बझाङ, बाजुरा, अछाम, बारा, पर्सा, रौतहट, मकवानपुर, रसुवा, धादिङ, डोल्पा, प्यूठान, सल्यान, रुकुम, रोल्पा, तिब्रिकोट, मुगु, हुम्ला, बर्दिया, दैलेख, जाजरकोट, डोटी ।

■ सातौं संशोधनद्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

৬ आठौं संशोधनद्वारा संशोधित ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

◎ आठौं संशोधनद्वारा थप ।

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

⊟(घ२) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

⊟(घ३) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

৩(घ४) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख१) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

◎(घ५) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

◎(घ६) "बोर्ड" भन्नाले दफा ४क. बमोजिम गठित राष्ट्रिय परीक्षा बोर्ड सम्झनु पर्छ ।

◎(घ७) "परिषद्" भन्नाले दफा ७क. बमोजिम गठित राष्ट्रिय शिक्षा परिषद् सम्झनु पर्छ ।

■(ङ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

---

⊟ सातौं संशोधनद्वारा थप ।

৩ आठौं संशोधनद्वारा संशोधित ।

◎ आठौं संशोधनद्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

☙(ङ१) "प्राथमिक विद्यालय" भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

☙(ङ२) ✖..................

֍(ङ३) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख१) र (घ) वा खण्ड (घ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

✪(ङ४) ✖..................

(च) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

◢(च१) "आयोग" भन्नाले दफा ११ख. बमोजिम गठन भएको ◘............ शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

◢(च२) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

◢(च३) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

◢(च४) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्ष समेतलाई जनाउँछ ।

֍(च५) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १२ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा

---

☙ पाँचौ संशोधनद्वारा थप ।
☙ पाँचौ संशोधनद्वारा थप ।
✖ आठौं संशोधनद्वारा खारेज ।
֍ आठौं संशोधनद्वारा संशोधित ।
✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।
◢ छैठौं संशोधनद्वारा थप ।
◘ सातौं संशोधनद्वारा झिकिएको ।

त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

✪(च६) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(छ) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

ֆ(छ१) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका ➢नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

❒(झ) "अनुमति" भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

❒(ञ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

❒(ट) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकारबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

---

ֆ आठौं संशोधनद्वारा संशोधित ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

■(ठ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको ✪सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

◎(ठ१) "मन्त्रालय" भन्नाले ☆शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

◎(ठ२) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने: ७(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई आधारभूत विद्यालयको लागि सम्बन्धित गाउँ शिक्षा समिति वा नगर शिक्षा समिति र माध्यमिक विद्यालयको लागि सम्बन्धित जिल्ला शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा ७मन्त्रालय वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ

■ सातौं संशोधनद्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

☆ शिक्षा मन्त्रालयको नाम हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको ।

७ आठौं संशोधनद्वारा संशोधित ।

र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा [७]मन्त्रालय वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

[७](४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई [७]शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः–

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

---

[७] आठौं संशोधनद्वारा संशोधित ।

(७) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै स्रोतबाट प्रारम्भिक बाल शिक्षा खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दिनेछ ।

⌦(७क) ....................

⌦(७ख) ....................

✪(७ग) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

---

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

✪(७घ) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

✪(७ङ) उपदफा (७घ) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(८) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा ७मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कूटनैतिक नियोगबाट सिफारिस भएमा ७मन्त्रालयले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको लागि ७मन्त्रालय समक्ष सिधै निवेदन दिन सकिनेछ ।

(९) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा ७मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।

४. विद्यालयको सञ्चालनः विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

---

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

७ आठौं संशोधनद्वारा संशोधित ।

[◎]४क. <u>बोर्डको गठनः</u> (१) माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न एक राष्ट्रिय परीक्षा बोर्ड रहनेछ ।

(२) बोर्डको गठन देहाय बमोजिम हुनेछः–

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति –अध्यक्ष

(ख) मन्त्रालयको सचिव –उपाध्यक्ष

(ग) मन्त्रालयको सहसचिव (विद्यालय शिक्षा हेर्ने) –सदस्य

(घ) महानिर्देशक, शिक्षा विभाग –सदस्य

(ङ) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र –सदस्य

(च) सदस्य–सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् –सदस्य

(छ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय –सदस्य

(ज) प्राध्यापन, शिक्षा प्रशासन र परीक्षा क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल गरेका व्यक्तिहरुमध्येबाट बोर्डले मनोनीत

---

◎ आठौं संशोधनद्वारा थप ।

गरेका कम्तीमा दुईजना महिला सहित तीनजना –सदस्य

(झ) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेका दुईजना –सदस्य

(ञ) नेपाल शिक्षा सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठ कर्मचारीहरूमध्येबाट मन्त्रालयले तोकेको कर्मचारी –सदस्य–सचिव

(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनयन गरेका दुईजना सदस्य रहेको एक सिफारिस समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ ।

(४) बोर्डका अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी तोकिए बमोजिमको समितिको सिफारिसमा अध्यक्षको हकमा नेपाल सरकारले र सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

(६) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

◎४ख. <u>बोर्ड स्वशासित र सङ्गठित संस्था हुने</u>: (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) बोर्डका सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न र अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) बोर्डले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

◎४ग. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u>: बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) मन्त्रालयले स्वीकृत गरेको परीक्षा सम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने, गराउने,

(घ) बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) बोर्डको काम सुचारु रुपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने,

(च) बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

---

◎ आठौं संशोधनद्वारा थप ।

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

◎४घ. बोर्डको पदाधिकारीको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त र सुविधाः (१) बोर्डको अध्यक्ष बोर्डको पूर्णकालीन काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) बोर्डको सदस्य–सचिव बोर्डको पूर्णकालीन काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) बोर्डको अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) बोर्डको अध्यक्ष तथा सदस्य–सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) बोर्डको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य–सचिवले बोर्डको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

◎४ङ. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) बोर्डमा आवश्यकता अनुसार कर्मचारीहरु रहने छन् ।

(२) मन्त्रालयले बोर्डको अनुरोधमा नेपाल सरकारको कुनै कर्मचारीलाई बोर्डमा काम गर्ने गरी काजमा खटाउन सक्नेछ ।

(३) बोर्डका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम सेवाका शर्तको व्यवस्था गर्दा यो दफा प्रारम्भ हुँदाका बखत उच्च माध्यमिक शिक्षा परिषद्मा कम्तीमा एक वर्ष निरन्तर अस्थायी सेवा गरिरहेका कर्मचारीको हकमा यो दफा प्रारम्भ भएपछि एकपटकको लागि आन्तरिक विज्ञापन गरी स्थायी पदपूर्तिको लागि हुने प्रतियोगितात्मक परीक्षामा सहभागी हुन पाउने र त्यसरी हुने विज्ञापनमा सहभागी

---

◎ आठौं संशोधनद्वारा थप ।

हुन नचाहेमा त्यस्तो परिषद्मा कम्तीमा पाँच वर्ष निरन्तर अस्थायी सेवा गरिरहेका कर्मचारीलाई सुविधा दिई अवकाश दिने व्यवस्था गर्नु पर्नेछ।

◎४च. बोर्डको कोषः(१) बोर्डको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विद्यार्थीबाट लिइने शुल्कबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार, सङ्घ वा संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संस्था वा निकायबाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) बोर्डले उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) बोर्डको कोषमा रहेको रकम बोर्डले नेपालको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नेछ ।

(६) बोर्डको कोषको सञ्चालन बोर्डको सदस्य–सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

◎४छ. लेखा र लेखापरीक्षणः (१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

---

◎ आठौं संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

(३) मन्त्रालयले चाहेमा जुनसुकै बखत बोर्डको हिसाब किताब जाँच गर्न वा गराउन सक्नेछ ।

®४ज. निर्देशन दिन सक्ने: (१) मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

®४झ. अधिकार प्रत्यायोजन: बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य–सचिव, नेपाल सरकारको कुनै अधिकृत वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

®४ञ. बोर्डको कार्यालय: (१) बोर्डको कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

(२) बोर्डले मन्त्रालयको स्वीकृति लिई आवश्यकता अनुसार नेपालको अन्य क्षेत्रमा समेत शाखा कार्यालय खोल्न सक्नेछ ।

®४ट. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था: (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षा बोर्डबाट सञ्चालन हुनेछ ।

तर आधारभूत तहको परीक्षा जिल्ला शिक्षा कार्यालयबाट सञ्चालन हुनेछ ।

(२) कक्षा दशको अन्त्यमा हुने परीक्षा क्षेत्रीयस्तरमा र आधारभूत तहको अन्त्यमा हुने परीक्षा जिल्लास्तरमा सञ्चालन गरिनेछ ।

(३) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

◎४ठ. <u>नेपाल सरकारसँग सम्पर्कः</u> बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

◎४ड. <u>माध्यमिक शिक्षाको मान्यताः</u> माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण प्रमाणपत्रको मान्यता प्रवीणता प्रमाणपत्र तह वा उच्च माध्यमिक तह उत्तीर्ण गरे सरह हुनेछ ।

α५. ✖..................

६. <u>माध्यमिक शिक्षाको प्रकारः</u> माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा

(ख) ⌘.................

(ग) संस्कृत माध्यमिक शिक्षा ।

◎(घ) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराइनेछ ।

৩६क. <u>विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः</u> (१) मन्त्रालयले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा

---

◎ आठौं संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित ।

✖ आठौं संशोधनद्वारा खारेज ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

৩ आठौं संशोधनद्वारा संशोधित ।

सञ्चालन गर्न चाहेमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

☑७. <u>शिक्षाको माध्यमः</u> (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–

(क) प्राथमिक ⌦........... शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा ✳<u>अनिवार्य नेपाली विषयको</u> सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

✳ आठौं संशोधनद्वारा संशोधित ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

◎७क. <u>परिषद् सम्बन्धी व्यवस्थाः</u> (१) शिक्षा सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिने काम समेतको लागि एक राष्ट्रिय शिक्षा परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) शिक्षा मन्त्री वा राज्य मन्त्री –अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) –सदस्य

(ग) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग –सदस्य

(घ) उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् –सदस्य

(ङ) विश्वविद्यालयका पदाधिकारीहरु मध्येबाट एक जना महिला सहित मन्त्रालयबाट मनोनीत तीन जना –सदस्य

(च) मन्त्रालयको सचिव –सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय –सदस्य

(ज) महानिर्देशक, शिक्षा विभाग –सदस्य

(झ) सभापति, नेपाल प्राध्यापक सङ्घ –सदस्य

(ञ) अध्यक्ष, नेपाल शिक्षक महासङ्घ –सदस्य

(ट) शिक्षाविद्हरुमध्येबाट कम्तीमा एकजना महिला सहित परिषद्बाट मनोनीत दुईजना –सदस्य

---

◎ आठौं संशोधनद्वारा थप ।

(ठ) प्रचलित कानून बमोजिम दर्ता भएका अभिभावक सङ्घ वा सङ्गठनका पदाधिकारीहरु मध्येबाट कम्तीमा एकजना महिला सहित परिषद्बाट मनोनीत दुईजना –सदस्य

(ड) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट एकजना महिला सहित मन्त्रालयबाट मनोनीत दुईजना –सदस्य

(ढ) संस्थागत विद्यालयका सञ्चालकहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयबाट मनोनीत दुईजना –सदस्य

(ण) संस्थागत विद्यालयका शिक्षक पेशागत सङ्घ, सङ्गठनका प्रतिनिधिहरुमध्येबाट एकजना –सदस्य

(त) प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासङ्घ –सदस्य

(थ) मन्त्रालयको योजना महाशाखाको सहसचिव –सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी परिषद्बाट गठित छानबिन समितिले सिफारिस गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

(५) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ ।

(६) परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

◎७ख. शैक्षिक गुणस्तर परीक्षण केन्द्रः (१) विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ ।

(२) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले एकजना प्रमुख शिक्षा परीक्षक नियुक्त गर्नेछ ।

(३) प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य र मन्त्रालयको सचिव रहेको एक समिति रहनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा काम गरेका व्यक्तिहरुमध्येबाट प्रमुख शिक्षा परीक्षकको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्नेछ ।

(५) प्रमुख शिक्षा परीक्षकको नियुक्ति, पारिश्रमिक र सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुने छन् ।

(६) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकःविद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्छ ।

---

◎ आठौं संशोधनद्वारा थप ।

🗗८क. <u>शिक्षा विभागः</u>(१) मन्त्रालय अन्तर्गत शिक्षा विभाग रहनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा विभागको प्रमुखको रूपमा महानिर्देशक रहनेछ ।

(३) महानिर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

α९. <u>क्षेत्रीय शिक्षा निर्देशनालयः</u>(१) नेपाल सरकारले प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने ➲<u>निर्देशनालयको</u> प्रमुखको रूपमा क्षेत्रीय शिक्षा निर्देशक रहनेछ ।

(३) क्षेत्रीय शिक्षा निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

α१०. <u>जिल्ला शिक्षा कार्यालयः</u>(१) नेपाल सरकारले प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कार्यालयको प्रमुखको रूपमा जिल्ला शिक्षा अधिकारी रहनेछ ।

(३) जिल्ला शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

■११. <u>जिल्ला शिक्षा समितिको गठनः</u>(१) जिल्लाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जिल्ला शिक्षा समितिमा देहायका सदस्यहरु रहने छन्ः–

⧈(क) जिल्ला समन्वय समितिको प्रमुख – अध्यक्ष

---

🗗 सातौं संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित ।

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

■ सातौं संशोधनद्वारा संशोधित ।

☑(ख) प्रमुख जिल्ला अधिकारी –सदस्य

(ग) ▮.................

(ग१) ✖.................

(घ) ▪.................

(ङ) जिल्लाभित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना –सदस्य

(च) जिल्लाभित्रका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एकजना –सदस्य

(छ) ▪................

৩(ज) अभिभावक वा शिक्षाविद्हरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको कम्तीमा एकजना दलित र एकजना महिला सहित तीन जना –सदस्य

(झ) जिल्ला नेपाल शिक्षक महासङ्घको अध्यक्ष –सदस्य

(ञ) जिल्ला शिक्षा अधिकारी –सदस्य–सचिव

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

▮ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

▪ आठौं संशोधनद्वारा झिकिएको ।

৩ आठौं संशोधनद्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) 2.............

(५) जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) शिक्षा सम्बन्धी जिल्लास्तरीय योजना तर्जुमा गर्ने,

(क१) ■.................

(ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग पुऱ्याउन गाउँपालिका तथा नगरपालिकालाई अभिप्रेरित गर्ने,

(ग) जिल्लाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

(घ) जिल्लाको शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

(ङ) सामुदायिक विद्यालयहरुको लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

॰(च) जिल्लाभित्रका सामुदायिक विद्यालय अन्तर्गतका कक्षा पाँचसम्मका आधारभूत विद्यालयमा दुर्गम जिल्लाहरुको हकमा भौगोलिक विकटताको आधारमा र अन्य जिल्लाको हकमा विद्यार्थी सङ्ख्याको आधारमा न्यूनतम कक्षागत दरबन्दी

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

■ आठौं संशोधनद्वारा झिकिएको ।

॰ आठौं संशोधनद्वारा संशोधित ।

कायम गरी र आधारभूत विद्यालयको कक्षा छ देखि आठसम्म तथा माध्यमिक विद्यालयलाई विषयगत आधारमा नेपाल सरकारद्वारा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(६) जिल्ला शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

■११क. जिल्ला शिक्षा समिति विघटन गर्न सकिने: (१) कुनै जिल्लाका जिल्ला शिक्षा समितिले तोकिए बमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा नेपाल सरकारले त्यस्तो जिल्ला शिक्षा समितिलाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला शिक्षा समिति विघटन भएपछि अर्को जिल्ला शिक्षा समिति गठन नभएसम्म जिल्ला शिक्षा समितिको काम गर्न नेपाल सरकारले एक अस्थायी समिति गठन गर्न सक्नेछ ।

◎११क१. जिल्ला शिक्षा परिषद् सम्बन्धी व्यवस्था: (१) जिल्लास्तरमा शैक्षिक विकासका लागि आवश्यक नीति तर्जुमा गर्न तोकिए बमोजिमको एक जिल्ला शिक्षा परिषद् रहनेछ ।

(२) जिल्ला शिक्षा परिषद्को गठन, काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

❁११ख. आयोगको गठन:ᛟ(१) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको

---

■ तेस्रो संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

❁ छैठौं संशोधनद्वारा संशोधित ।

ᛟ आठौं संशोधनद्वारा संशोधित ।

नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुनेछ ।

तर दफा ११थ. बमोजिम ▣स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा तोकिए बमोजिम हुनेछ ।

८(२) आयोगमा अध्यक्ष र एकजना महिला सहित अन्य दुईजना सदस्यहरू रहनेछन् ।

■(३) उपदफा (२) बमोजिमका सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयको उप–कुलपति र मन्त्रालयको सचिव सदस्य रहेको एक समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले सदस्यमा नियुक्ति गर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त ■............ सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ र निजहरु पुनः नियुक्त हुन सक्नेछन् ।

⊟(४क) आयोगको वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ ।

(५) आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

८ आठौं संशोधनद्वारा संशोधित ।

■ सातौं संशोधनद्वारा संशोधित ।

■ सातौं संशोधनद्वारा झिकिएको ।

⊟ सातौं संशोधनद्वारा थप ।

(६) सदस्यहरुको सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(७) सदस्यहरुको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

◢११ग. सदस्यको लागि चाहिने योग्यताः सदस्यको पदमा नियुक्ति हुनको लागि देहायका योग्यता पुगेको हुनु पर्नेछः–

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनैतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पूरा भएको,

■(ङ) अध्यक्षको लागि मन्त्रालयको ७विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।

◢११घ. सदस्यता कायम नरहनेः(१) देहायका अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछः–

(क) दफा ११ख. को उपदफा (४) बमोजिमको पदावधि पूरा भएमा,

(ख) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) नेपाल सरकार समक्ष निजले पेश गरेको लिखित राजीनामा स्वीकृत भएमा,

---

◢ छैठौं संशोधनद्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

७ आठौं संशोधनद्वारा संशोधित ।

◢ छैठौं संशोधनद्वारा थप ।

(घ) निजको मृत्यु भएमा ।

(२) दफा ११ख. को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यमा कार्यक्षमताको अभाव भएको वा कर्तव्य अनुसार कार्य नगरेको र खराब आचरणमा लागेको भनी कसैको उजूरी परेमा नेपाल सरकारले सो सम्बन्धमा छानबिन गर्न एक समिति गठन गर्न सक्नेछ र समितिबाट सो कुरा प्रमाणित भएमा नेपाल सरकारले त्यस्तो सदस्यलाई सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

◢११ङ. <u>सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) आयोगको एक छुट्टै सचिवालय हुनेछ र सो सचिवालय काठमाडौं उपत्यकाभित्र रहनेछ।

(२) सचिवालयको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि नेपाल सरकारले नेपाल सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई तोक्नेछ ।

(३) सचिवालयलाई आवश्यक पर्ने अन्य कर्मचारीको व्यवस्था शिक्षा मन्त्रालयले गर्नेछ ।

ᴥ११च. <u>सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रिया:</u> (१) आयोगले शिक्षक तथा कर्मचारीको स्थायी नियुक्तिको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः–

(क) जिल्लाका विद्यालयहरुमा स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको शिक्षक तथा कर्मचारीको पद स्थायी रूपमा पूर्ति गर्नु पर्दा विद्यालयको तह अनुसार पूर्ति

---

◢ छैठौं संशोधनद्वारा थप ।

ᴥ आठौं संशोधनद्वारा संशोधित ।

गरिनु पर्ने शिक्षक तथा कर्मचारीको सङ्ख्याको विवरण शिक्षा विभागबाट लिने,

(ख) जिल्लाका विद्यालयहरुमा पदपूर्ति गर्न खुला प्रतियोगिताको लागि पद सङ्ख्या खोली विज्ञापन प्रकाशित गर्ने र पद अनुसार तोकिएको योग्यता भएका उम्मेदवारहरुबाट दरखास्त लिने,

तर त्यसरी खुला प्रतियोगिताको लागि शिक्षकको पद सङ्ख्या खुलाउँदा अस्थायी शिक्षकलाई अन्तिम एकपटकको लागि रिक्त दरबन्दीमा देहायका शिक्षक मात्र उम्मेदवार हुन पाउने गरी आयोगले यो दफा प्रारम्भ भएको एक वर्षभित्र विज्ञापन गर्नेछः–

(१) संवत् २०६१ साल साउन २१ गतेसम्म रिक्त भई पदपूर्ति हुन नसकेको दरबन्दीमा संवत् २०४९ साल पौष २० गते भन्दा अघि अस्थायी शिक्षकमा नियुक्ति पाई यो दफा प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रूपमा कार्यरत अस्थायी शिक्षक,

(२) उपखण्ड (१) बमोजिमका शिक्षकको लागि आवश्यक पर्ने दरबन्दी छुट्ट्याई सो खण्ड बमोजिमको अवधिसम्म रिक्त भई पदपूर्ति हुन नसकेको दरबन्दी वा सो दरबन्दीको लियन पदमा सोही मितिसम्ममा अस्थायी शिक्षकको रूपमा नियुक्त वा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत नियुक्त भई यो दफा प्रारम्भ हुँदाका

बखतसम्म अविच्छिन्न रूपमा कार्यरत अस्थायी शिक्षक,

(३) संवत् २०६१ साल साउन २२ गते पछि संवत् २०७२ साल असोज २ गतेसम्म रिक्त रहेका कुल दरबन्दीको ◆पचहत्तर प्रतिशत पदमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन पदमा अस्थायी वा सट्टा शिक्षकको रूपमा अविच्छिन्न रूपमा कार्यरत अस्थायी शिक्षक,

(ग) खण्ड (ख) बमोजिम पर्न आएका दरखास्त उपर छानबिन गरी देहायको तरिका अपनाई उपयुक्त उम्मेदवार छनौट गर्नेः–

(१) खुला प्रतियोगितात्मक लिखित परीक्षा,

(२) अन्तर्वार्ता,

(३) प्रयोगात्मक परीक्षा ।

तर आयोगले उचित र आवश्यक ठहऱ्याएको अवस्थामा मात्र प्रयोगात्मक परीक्षा लिइनेछ ।

(घ) रिक्त पदमा प्रत्येक वर्ष विज्ञापन गर्ने र विज्ञापन भएको छ महिनाभित्र नियुक्ति वा बढुवाको लागि सिफारिस गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (३) बमोजिम छुट्याई बाँकी रहेको ◆पच्चीस प्रतिशत दरबन्दीमा खुला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ ।

---

◆ नवौं संशोधनद्वारा संशोधित ।

◆ नवौं संशोधनद्वारा संशोधित ।

(३) उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम शिक्षकको पदपूर्तिको लागि विज्ञापन गर्दा उपखण्ड (१), (२) र (३) को प्रयोजनको लागि छुट्टाछुट्टै विज्ञापन गरिनेछ र त्यस्तो विज्ञापनको प्रतियोगितात्मक परीक्षा एकै मिति तथा समयमा लिइनेछ ।

[❧](३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (३) बमोजिम पदपूर्तिको लागि आयोगबाट भएको विज्ञापन बमोजिम परेको अस्थायी शिक्षकको दरखास्त कायमै राखी यो दफा प्रारम्भ भएपछि उम्मेदवार हुन चाहनेहरुका लागि कम्तीमा सात दिनको अवधि दिई पुनः दरखास्त आह्वान गर्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम शिक्षकको पदपूर्तिको लागि हुने विज्ञापनमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(५) उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१), (२) र (३) बमोजिमको विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षाबाट शिक्षक पदपूर्ति हुन नसकेमा त्यस्तो पद खुला प्रतियोगिताबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (१) को खण्ड (ग) बमोजिम लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण हुन कम्तीमा चालीस प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ ।

(७) संवत् २०५२ साल र तत्पश्चात् भएका विज्ञापनबाट स्थायी नियुक्ति भएका वा उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको विज्ञापनबाट स्थायी हुने शिक्षकले अवकाश हुँदा निवृत्तभरण पाउने अवस्था नभएमा सो

---

❧ नवौं संशोधनद्वारा थप ।

प्रयोजनका लागि निजको सात वर्षसम्मको अस्थायी सेवा अवधि जोड्न सकिनेछ ।

☒(८) ..................

(९) ◆संवत् २०७३ साल असार पन्ध्र गतेसम्म अविच्छिन्न रूपमा कार्यरत रहेका अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दरखास्त दिए पनि स्थायी पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भएको विज्ञापनमा उम्मेदवार हुन दरखास्त दिने अन्तिम मितिसम्मको अवधिलाई गणना गरी अधिकतम सेवा अवधि बीस वर्ष मानी निजलाई देहाय बमोजिमको सुविधा दिइनेछः–

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब बराबरको रकम ।

(१०) उपदफा (१) को खण्ड (ख) को ◆प्रतिबन्धात्मक वाक्यांश बमोजिमको विज्ञापनमा उम्मेदवार नहुने अस्थायी शिक्षक

---

☒ नवौं संशोधनद्वारा झिकिएको ।

◆ नवौं संशोधनद्वारा संशोधित ।

◆ नवौं संशोधनद्वारा संशोधित ।

र त्यस्तो विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षामा छनौट हुन नसकेका अस्थायी शिक्षक प्रतियोगितात्मक परीक्षाको नतिजा प्रकाशित भएको मितिबाट स्वतः अवकाश भएको मानिनेछ ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि शिक्षकको पदपूर्तिको लागि हुने खुला तर्फको पहिलो विज्ञापनमा उम्मेदवार हुन राहत शिक्षकको रूपमा कार्यरत शिक्षकलाई उमेरको हद लाग्ने छैन ।

(१२) आयोगले शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्दा तोकिए बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

◢११छ. समिति गठन गर्न सक्नेः (१) आयोगको आफूले गर्नु पर्ने काम कारबाहीहरु सूचारु रुपले गर्नका लागि आवश्यकतानुसार केन्द्रीय र क्षेत्रीयस्तरमा समितिहरु गठन गर्न सक्नेछ । त्यस्ता समितिका सदस्यहरुमा कम्तीमा ♎दुई वर्ष अगाडिदेखि कुनै पनि राजनैतिक दलको सदस्य नरहेका शिक्षाविद् तथा शिक्षा क्षेत्रमा क्रियाशील रहेका व्यक्तिहरुमध्येबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्यविधि आयोगले तोकिदिए बमोजिम हुनेछ ।

◢११ज. अधिकार प्रत्यायोजनः आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा ११छ. बमोजिमको समिति, ☑कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

◢ छैठौं संशोधनद्वारा थप ।

♎ आठौं संशोधनद्वारा संशोधित ।

◢ छैठौं संशोधनद्वारा थप ।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

[७]११झ. आयोगले गरेको मानिनेः यो ऐन प्रारम्भ हुनुभन्दा अघि जिल्ला शिक्षक छनौट समिति र क्षेत्रीय शिक्षक छनौट समितिबाट भए गरेका काम कारबाहीहरु आयोगबाट भए गरेको मानिनेछ ।

[७]११ञ. वार्षिक प्रतिवेदन पेश गर्नेः आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो वर्षभरमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

[७]११ट. गाउँ शिक्षा वा नगर शिक्षा समितिः ⁸(१) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा देहाय बमोजिमको गाउँ शिक्षा वा नगर शिक्षा समिति रहनेछः–

(क) गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति –अध्यक्ष

(ख) गाउँपालिका वा नगरपालिकाले तोकेको गाउँपालिका वा नगरपालिकाको सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना –सदस्य

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला

---

७ आठौं संशोधनद्वारा संशोधित ।

शिक्षा समितिले मनोनीत गरेको एकजना –सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना –सदस्य

(ङ) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना –सदस्य

(च) सम्बन्धित गाउँपालिका वा नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समिति वा नगर शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना –सदस्य

(छ) गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत व्यक्ति र नगर शिक्षा समितिको हकमा सम्बन्धित विद्यालय निरीक्षक –सदस्य–सचिव

◎(१क) गाउँपालिका वा नगरपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरु र नेपाल शिक्षक महासङ्घको प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) ५गाउँ शिक्षा वा नगर शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

⊟११ठ. घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेः नेपाल सरकारले विकट हिमाली क्षेत्रमा तोकिए बमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेछ ।

◎११ठ१.सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः नेपाल सरकारले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

⊟११ड. अध्यापन अनुमतिपत्र लिनु पर्नेः (१) यो ऐन प्रारम्भ भएपछि आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।

---

◎ आठौं संशोधनद्वारा थप ।

५ आठौं संशोधनद्वारा संशोधित ।

⊟ सातौं संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

(२) आयोगले अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि सार्वजनिक रूपमा सूचना प्रकाशन गरी तोकिए बमोजिम परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा सफल भएका उम्मेदवारलाई आयोगले अध्यापन अनुमतिपत्र दिनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालयमा कार्यरत शिक्षकलाई आयोगले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र अस्थायी अध्यापन अनुमतिपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम अस्थायी अध्यापन अनुमतिपत्र पाएका शिक्षकले पाँच वर्षभित्र आयोगबाट स्थायी अध्यापन अनुमतिपत्र लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षकहरु स्वतः अवकाश हुनेछन् र स्थायी शिक्षकलाई तोकिए बमोजिम अवकाश दिइनेछ ।

[७](६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ्ग, गणित, अङ्ग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेका व्यक्ति त्यस्तो विषयको लागि अस्थायी अध्यापन अनुमतिपत्रको लागि लिईने परीक्षामा उम्मेदवार हुन सक्नेछन् ।

[७](६ख) उपदफा (६क) बमोजिम अस्थायी अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि आयोगले तोकिए बमोजिम छुट्टै परीक्षा सञ्चालन गर्नेछ ।

---

[७] आठौं संशोधनद्वारा संशोधित ।

◉(६ग) उपदफा (६ख) बमोजिमको परीक्षामा सफल हुने उम्मेदवारलाई आयोगले अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्नेछ र यस्तो अनुमतिपत्रको मान्य अवधि पाँच वर्षको हुनेछ ।

◉(६घ) विशेष शिक्षा, समावेशी शिक्षा तथा दफा ३ को उपदफा (७घ) बमोजिमको उद्देश्य राखी सञ्चालन भएका विद्यालयमा अध्यापन गर्ने शिक्षकको लागि आयोगले तोकिए बमोजिम अध्यापन अनुमतिपत्र दिने व्यवस्था गर्नेछ ।

◉(६ङ) अध्यापन अनुमतिपत्र सम्बन्धी विषयमा आयोगलाई सुझाव दिने प्रयोजनको लागि नेपाल शिक्षक महासङ्घबाट सिफारिस भएका विशेषज्ञ समेत रहने गरी तोकिए बमोजिमको एक शिक्षक काउन्सिल रहनेछ ।

(७) अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

⊟११ढ. <u>अनुदान कटौती नगरिने:</u> नेपाल सरकारले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गर्ने छैन ।

✪तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

⊟११ण. <u>छात्रवृत्तिको व्यवस्था गर्न सक्ने:</u> नेपाल सरकारले ⌦............ माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

---

◉ आठौं संशोधनद्वारा थप ।

⊟ सातौं संशोधनद्वारा थप ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

⊟११त. <u>प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने:</u> नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको सहयोगमा खोलिएका ५<u>प्रारम्भिक बाल शिक्षा केन्द्रलाई</u> तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

◉११त१.<u>प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था:</u> प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

✪११थ. <u>विद्यालयको व्यवस्थापन जिम्मा लिन सकिने:</u> (१) ▣<u>स्थानीय तह</u> वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन चाहेमा तोकिएका कुराहरु खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा त्यस्तो ▣<u>स्थानीय तह</u> वा व्यवस्थापन समितिले तोकिएको शर्त पूरा गरेको देखिएमा तोकिएको अधिकारीले निवेदकलाई त्यस्तो सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ▣<u>स्थानीय तह</u> वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयमा कार्यरत मन्त्रालयबाट स्वीकृत दरबन्दीमा नियुक्त भएका शिक्षकको सेवा, शर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक सरह हुनेछ र त्यस्ता शिक्षकले पाउने तलब, भत्ता र सञ्चय कोष वापत विद्यालयबाट थप गर्नु पर्ने रकम बराबरको रकम नेपाल सरकारले एकमुष्ठ विद्यालयलाई उपलब्ध गराउनेछ ।

---

५ आठौं संशोधनद्वारा संशोधित ।

◉ आठौं संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२द्वारा संशोधित।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२द्वारा संशोधित।

(४) उपदफा (२) बमोजिम ◙स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयमा त्यस्तो विद्यालयले व्यहोर्ने गरी थप शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त शिक्षकले सो विद्यालयका अन्य शिक्षक सरह पारिश्रमिक र सुविधा पाउनेछ ।

(६) उपदफा (२) बमोजिम ◙स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयको आवश्यकता हेरी नेपाल सरकारले त्यस्तो विद्यालयलाई थप दरबन्दी उपलब्ध गराउन सक्नेछ ।

◎११द. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः (१) नेपाल सरकारले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एकभन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार, साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

■१२. विद्यालय व्यवस्थापन समितिः৩(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना –सदस्य

---

◎ आठौं संशोधनद्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

৩ आठौं संशोधनद्वारा संशोधित ।

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य –सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना –सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना –सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य–सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासङ्घका दुईजना प्रतिनिधि सदस्य रहने छन् ।

◉(२क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

---

◉ आठौं संशोधनद्वारा थप ।

®(२ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

®(२ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(३) सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको व्यक्ति –अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना –सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेको एकजना –सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक –सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु-मध्येबाट छानी पठाएको एकजना –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(५) ৬उपदफा (१), (२क) र (४) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि ☑तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

✪(५क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको वा विशेष उद्देश्यबाट सञ्चालित वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नेपाल सरकारबाट हुन आवश्यक देखिएमा मन्त्रालयले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ।

(६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

---

৬ आठौं संशोधनद्वारा संशोधित ।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँशिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने,

(झ) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

☑(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने ।

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

(७) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा [८]राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

✪(च१) अस्थायी रूपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नका लागि यो खण्ड प्रारम्भ हुनु अघि नियुक्त त्यस्ता शिक्षकका हकमा यो खण्ड प्रारम्भ भएको मितिले र यो खण्ड प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकको हकमा त्यसरी नियुक्त

---

८ आठौं संशोधनद्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

भएको मितिले छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) नेपाल सरकारले दिएका निर्देशनहरुको पालना गर्ने ।

ᛃ(७क) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७ख) ⌧.................

(८) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

☑१२क. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने: (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई जिल्ला शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न जिल्ला

ᛃ आठौं संशोधनद्वारा संशोधित ।

⌧ आठौं संशोधनद्वारा झिकिएको ।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

⊕१२ख. <u>शिक्षा विकास कोषः</u>(१) ⊠............. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि केन्द्रीय स्तरमा एक शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कुल आम्दानीको ✖......... तोकिए बमोजिमको रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

⊕१२ग. <u>कोष सञ्चालक समितिः</u> (१) शिक्षा विकास कोषको सञ्चालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष सञ्चालक समिति रहनेछः–

✿(क) मन्त्रालयको सचिव – अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

✿(ग) प्रतिनिधि, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(घ) सहसचिव (शैक्षिक प्रशासन महाशाखा), मन्त्रालय – सदस्य

---

⊕ सातौं संशोधनद्वारा थप ।

⊠ आठौं संशोधनद्वारा झिकिएको ।

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

✿ आठौं संशोधनद्वारा संशोधित ।

(ङ) महानिर्देशक, शिक्षा विभाग –सदस्य

(च) प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय –सदस्य

(छ) संस्थागत विद्यालयको केन्द्रीयस्तरका सङ्घ संस्थाका अध्यक्षहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको दुईजना –सदस्य

৩(ज) मन्त्रालयको आधारभूत शिक्षा शाखाको प्रमुख –सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. जिल्ला शिक्षा कोषः (१) प्रत्येक जिल्लामा एउटा जिल्ला शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

➲(क१) ▮..................

(ख) ➔..................

(ग) शिक्षा करबाट उठेको रकम,

(घ) चन्दाबाट प्राप्त रकम, र

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

⌘..................

---

৩ आठौं संशोधनद्वारा संशोधित ।

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

▮ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२द्वारा झिकिएको।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

⌘ चौथो संशोधनद्वारा प्रतिवन्धात्मक वाक्यांश झिकिएको ।

■(३) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

■१३क. विद्यालय कोषः(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

❖(क१) जिल्ला शिक्षा कोषबाट प्राप्त अनुदान,

➲(क२) गाउँपालिका वा नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्कबाट आउने रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

α१४. नेपाल सरकारले निर्देशन दिन सक्नेः (१) नेपाल सरकारले आवश्यकता अनुसार जिल्ला शिक्षा समिति ▒........ र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्रत्येक जिल्ला शिक्षा समिति ▒........... र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१५. नेपाल सरकारले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः✄.......... नेपाल सरकारले वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै

---

■ तेस्रो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

➲ पाँचौ संशोधनद्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

▒ छैठौं संशोधनद्वारा झिकिएको ।

✄ दोस्रो संशोधनद्वारा झिकिएको ।

विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न ❐वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

■१६. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नेपाल सरकारले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित जिल्ला शिक्षा कोषमा जम्मा गर्नेछ ।

ᴕ(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

✪(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

✪(२ख) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको

---

❐ दोस्रो संशोधनद्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

ᴕ आठौं संशोधनद्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

सम्पत्तिमध्ये सार्वजनिक गुठीको रूपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (२क) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोकेबमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

✪(२ग) उपदफा (२ख) बमोजिम निजी गुठीका सञ्चालकले सो सम्पत्ति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका सञ्चालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा कुनै शैक्षिक संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

५(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सम्बन्धित जिल्ला शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

---

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

५ आठौं संशोधनद्वारा संशोधित ।

■१६क. <u>विद्यालयलाई छुट र सुविधाः</u>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

⊟१६ख. अनुमति वा स्वीकृति रद्द गर्नेः कुनै संस्थागत विद्यालयले दफा ३ को उपदफा (४) बमोजिमको म्यादभित्र विवरण नदिएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

⊟१६ग. विद्यालयको वर्गीकरणः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

◎१६ग१. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको

---

■ सातौं संशोधनद्वारा संशोधित ।

⊟ सातौं संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

⊟१६घ. <u>शुल्क सम्बन्धी व्यवस्थाः</u> ᳀(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

◎(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

◎(१ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

◎(१ग) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

᳀(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

---

᳀ आठौं संशोधनद्वारा संशोधित ।

◎ आठौं संशोधनद्वारा थप ।

᳀ आठौं संशोधनद्वारा संशोधित ।

तर गरीबीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

☑(५)संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

⊟१६ङ. नेपाल शिक्षक महासङ्घ, ♉शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था: (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न एक नेपाल शिक्षक महासङ्घ रहनेछ ।

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⊟ सातौं संशोधनद्वारा थप ।

♉ आठौं संशोधनद्वारा संशोधित ।

(२) नेपाल शिक्षक महासङ्घ केन्द्रीय तथा जिल्लास्तरमा गठन गर्न सकिनेछ ।

(३) नेपाल शिक्षक महासङ्घको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(४) ✖...............

(५) ✖देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः–

(क) ✖............

(ख) पदीय दायित्व पूरा नगरेमा,

(ग) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

◎(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

◎(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर,

---

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

◎ आठौं संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

जिल्लास्तर वा स्थानीय तहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

®१६ङ१.स्थायी आवासीय अनुमति लिन नहुनेः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

®१६ङ२.स्वयम् घोषणा गरी विवरण पेश गर्नेः (१) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत रहेको विद्यालयमा पेश गर्नु पर्नेछः–

(क) आफ्नो नाम, थर, सेवा, कार्यरत विद्यालयको नाम र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको भए सोको मिति, सम्बन्धित देशको नाम,

(ग) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिका लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए, नभएको ।

(२) सामुदायिक विद्यालयको कुनै शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित शिक्षक

वा कर्मचारीले आफू कार्यरत विद्यालयमा उपदफा (१) बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि विद्यालयले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

◎१६ङ३. जानकारी दिन सकिने: (१) दफा १६ङ१. विपरीत कुनै शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित शिक्षक वा कर्मचारी कार्यरत क्षेत्रको स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) अनुसारको जानकारी स्रोतकेन्द्रमा प्राप्त हुन आएमा स्रोत केन्द्रले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र जिल्ला शिक्षा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै शिक्षक तथा कर्मचारीले आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा जिल्ला शिक्षा कार्यालयले दफा १६ङ२. को उपदफा (१) बमोजिमको अवधि समाप्त भएपछि त्यस्तो शिक्षक वा कर्मचारीलाई विभागीय कारबाही गर्ने सम्बन्धमा आवश्यक कारबाही अघि बढाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा सजाय दिने अधिकारीले त्यस्तो शिक्षक वा कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी छानबिन गर्दा कुनै शिक्षक वा कर्मचारीले आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र दफा १६ङ१ बमोजिम

---

◎ आठौं संशोधनद्वारा थप ।

सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र शिक्षा विभाग र शिक्षा मन्त्रालयमा दिनु पर्नेछ ।

◉१६ङ४.<u>सजाय नहुनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले स्वीकार गरी यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि दिएको आवेदन रद्द गर्नका लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम सजाय गरिने छैन ।

◉१६ङ५.<u>सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा नपाउनेः</u> यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १६ङ१. को विपरीत हुने गरी सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको कारण सेवाबाट बर्खास्त भएमा र त्यस्ता शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीको पति वा पत्नीले कर्मचारी सञ्चय कोषको रकम र बीमा बाहेक यस ऐन र यस अन्तर्गत बनेका नियम बमोजिमका सेवा सुविधा पाउने छैन ।

◘१६च. <u>शैक्षिक योग्यताः</u> विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

◉१६च१.<u>शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः</u> जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र

---

◉ आठौं संशोधनद्वारा थप ।

◘ सातौं संशोधनद्वारा थप ।

विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

◎१६च२.<u>शिक्षकलाई अन्य काममा लगाउन नहुनेः</u> (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

⊟१६छ. <u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः</u> (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

◎(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक पूर्वाग्रह राखी हटाइएका शिक्षक तथा कर्मचारीलाई पुर्नबहाली गर्ने सम्बन्धमा संवत् २०५२ सालमा गठित कार्यदलले सिफारिस गरेका तथा सो कार्यदलको मापदण्डभित्र परी सिफारिस गर्न बाँकी रहेका शिक्षक र संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गतेसम्मको अवधिमा मुलुकभित्र कायम रहेको द्वन्द्व तथा सो समयपछि भएका आन्दोलनको कारणबाट सेवाबाट हटाइएका शिक्षक तथा कर्मचारीको विषयमा

---

⊟ सातौं संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

छानबिन गरी नेपाल सरकारलाई सुझाव पेश गर्न एक पटकका लागि तोकिए बमोजिमको एक जाँचबुझ समिति रहनेछ ।

⊟१६ज. <u>शिक्षकको सरुवाः</u> (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा ☑<u>जिल्ला शिक्षा अधिकारीले</u> दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

☑तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको जिल्ला शिक्षा अधिकारीको सहमति लिनु पर्नेछ ।

◎(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा जिल्ला शिक्षा अधिकारीले आफ्नो जिल्ला भित्रको, क्षेत्रीय निर्देशकले आफ्नो क्षेत्रभित्रको र शिक्षा विभागले नेपालको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम सरुवा गर्दा जिल्ला शिक्षा अधिकारीले क्षेत्रीय शिक्षा निर्देशकको, क्षेत्रीय शिक्षा निर्देशकले

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

◎ आठौं संशोधनद्वारा थप ।

शिक्षा विभागको र शिक्षा विभागले मन्त्रालयको पूर्व स्वीकृति ⌦............. लिनु पर्नेछ ।

⊟१६झ. <u>संस्थागत विद्यालयको हकमा लागू नहुनेः</u> यस ऐनमा लेखिएदेखि बाहेक दफा ११ट., १५, ☑<u>१६ङ को उपदफा (५),</u>१६छ., १६ज. र दफा १७ को उपदफा (१) तथा उपदफा (२) को खण्ड (क), (घ) र (ङ) मा उल्लिखित व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागू हुने छैन ।

✪तर,

(१) दफा १५ बमोजिम कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्ने सम्बन्धी व्यवस्था संस्थागत विद्यालयको हकमा समेत लागू हुनेछ ।

(२) संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

✪१६ञ. <u>संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः</u> (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

---

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

⊟ सातौं संशोधनद्वारा थप ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

✪१६ट. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने: दफा १६छ. मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

९१६ठ. कर्मचारी सम्बन्धी व्यवस्था: (१) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) संवत् २०५९ साल जेष्ठ १५ गतेसम्म तत्काल प्रचलित कानून बमोजिम विद्यालयको स्वीकृत दरबन्दीमा नियुक्ति पाई यो दफा प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रूपमा कार्यरत विद्यालय कर्मचारी सेवामा नरहने भएमा त्यस्ता कर्मचारीलाई तोकिए बमोजिमको सुविधा उपलब्ध गराईनेछ ।

(४) उपदफा (१) बमोजिम स्वीकृत विद्यालय कर्मचारीको दरबन्दीमा पदपूर्ति गर्दा यो दफा प्रारम्भ हुँदाका बखत कार्यरत रहेका कर्मचारीहरुमध्येबाट आयोगले तोके बमोजिम विज्ञापन गरी आन्तरिक प्रतियोगिता गराई पदपूर्ति गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको विज्ञापनमा उम्मेदवार हुन उपदफा (३) बमोजिमका विद्यालय कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

---

९ आठौं संशोधनद्वारा संशोधित ।

®१६ड. <u>बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:</u> (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

®१६ढ. <u>अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने:</u> (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले नेपालमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम विदेशी मुलुकमा सञ्चालन गर्न चाहेमा विदेशस्थित नेपाली कूटनीतिक नियोगको सिफारिस सहित मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई शर्त तोकी त्यस्तो शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

®१६ण. <u>प्रगति विवरण बुझाउनु पर्ने:</u> संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्नेछ ।

---

® आठौं संशोधनद्वारा थप ।

® आठौं संशोधनद्वारा थप ।

*१७. दण्ड सजायः■(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई ☑मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी ५बिगो बमोजिम जरिबाना गर्न सक्नेछ ।

⊟(१क) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई ✖......... कसूरको मात्रा हेरी एकलाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय ☑हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

◎(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

---

* पहिलो संशोधनद्वारा संशोधित ।
■ सातौं संशोधनद्वारा संशोधित ।
☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
५ आठौं संशोधनद्वारा संशोधित ।
⊟ सातौं संशोधनद्वारा थप ।
✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।
◎ आठौं संशोधनद्वारा थप ।

◎(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

⊟(१ख) उपदफा (१) र (१क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर ✪मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(२) ■उपदफा (१) र (१क) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछः–

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

✹(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

---

⊟ सातौं संशोधनद्वारा थप ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

■ सातौं संशोधनद्वारा संशोधित ।

✹ छैठौं संशोधनद्वारा संशोधित ।

📖१७क. <u>सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरीः</u>(१) ☒................ दफा १७ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

📖१७ख. <u>मुद्दा हेर्ने अधिकारीः</u> दफा १७ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारबाही र किनारा गर्नेछ ।

■१७ग. <u>नेपाल सरकारवादी हुनेः</u> (१) दफा १७ को उपदफा (१) र (१क) बमोजिमको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

(२) दफा १७ को उपदफा (१क) बमोजिमको मुद्दा *f*<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१</u> मा समावेश भएको मानिनेछ ।

*१८. <u>पुनरावेदनः</u> (१) दफा १७ख. अन्तर्गत प्रमुख जिल्ला अधिकारीले गरेको सजायको आदेश उपर पैंतीस दिनभित्र ▣<u>जिल्ला अदालत</u>मा पुनरावेदन लाग्नेछ ।

☑(२) दफा १७ को उपदफा (२) बमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको अधिकारी समक्ष पुनरावेदन लाग्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको।

■ सातौं संशोधनद्वारा संशोधित ।

*f* मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

१९. <u>नियम बनाउने अधिकारः</u> (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछः–

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

α(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

α(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

◢(घ१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको समकक्षता निर्धारण सम्बन्धी,

◢(घ२) ⌧.......... शिक्षक सेवा आयोग सम्बन्धी,

◢(घ३) विद्यालय शिक्षक किताबखाना सम्बन्धी,

(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,

α(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहण सम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको सङ्ख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्रावास चलाउने,

(ञ) विद्यालयको आय–व्ययको जाँच,

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

◢ छैठौं संशोधनद्वारा थप ।

⌧ आठौं संशोधनद्वारा झिकिएको ।

(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

α(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ड) शिक्षक तथा विद्यार्थीहरुको आचारसंहिता,

α(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ण) सह–शिक्षा,

■(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम,

৩(थ) प्रधानाध्यापकको नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

α(द) विद्यालयका शिक्षकहरुको सेवा शर्त सम्बन्धी,

α(ध) विद्यालयका शिक्षकहरुको अध्यापन ■अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

α(न) विशेष शिक्षा,

■(प) अनौपचारिक शिक्षा,

⊟(प१) ৩दूर शिक्षा तथा खुला शिक्षा,

(फ) शिक्षकहरुको सेवा गठन,

(ब) जिल्ला शिक्षा कोष,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा, ⊥†............

(म) अन्य आवश्यक कुराहरु,

❐(य) आवासीय विद्यालय सञ्चालन गर्ने,

■(र) ■संस्थागत विद्यालय सम्बन्धी,

---

α चौथो संशोधनद्वारा संशोधित ।

■ सातौं संशोधनद्वारा संशोधित ।

৩ आठौं संशोधनद्वारा संशोधित ।

⊟ सातौं संशोधनद्वारा थप ।

⊥† दोस्रो संशोधनद्वारा "र" भन्ने शब्द झिकिएको ।

❐ दोस्रो संशोधनद्वारा थप ।

ꣳ(ल) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी ।

◎१९क. निर्देशिका बनाउन सक्नेः यस ऐनको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

⊕१९ख. विनियम बनाउने अधिकारः (१) बोर्डले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही बोर्डका कर्मचारीको सेवाको शर्त तथा सुविधा र बोर्डको कार्य सञ्चालन सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२०. बाधा अड्काउ हटाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले त्यस्तो बाधा अड्काउ हटाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

२१. बचाउ र लागू नहुनेः (१) ■यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

🕮(१क) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन वाधा पर्ने छैन ।

---

■ सातौं संशोधनद्वारा संशोधित ।

ꣳ पाँचौ संशोधनद्वारा थप ।

◎ आठौं संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐनसंशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

द्रष्टव्यः (१) जिल्ला विकास समिति ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरुः–
"जिल्ला पञ्चायत" को सट्टा "जिल्ला विकास समिति" ।

(२) शिक्षा (पाँचौं संशोधन) ऐन, २०४९ द्वारा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको ठाउँठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः–

१. "क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय" को सट्टा "क्षेत्रीय शिक्षा निर्देशनालय"

२. "क्षेत्रीय शिक्षा निरीक्षक" को सट्टा "क्षेत्रीय शिक्षा निर्देशक"

३. "जिल्ला शिक्षा निरीक्षकको कार्यालय" को सट्टा "जिल्ला शिक्षा कार्यालय"

४. "जिल्ला शिक्षा निरीक्षक" को सट्टा "जिल्ला शिक्षा अधिकारी"

५. "विद्यालय सञ्चालक समिति" को सट्टा "विद्यालय व्यवस्थापन समिति"

६. "अञ्चल अदालत" को सट्टा "पुनरावेदन अदालत"

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः–

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(४) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर भएका शब्दहरुः–

"भ्रष्टाचार निवारण ऐन, २०१७" को सट्टा "भ्रष्टाचार निवारण ऐन, २०५९ ।

(५) शिक्षा (आठौं संशोधन) ऐन, २०७३ द्वारा यस ऐन अन्तर्गत बनेको नियमावलीको ठाउँठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः–

(क) "शिक्षा तथा खेलकुद मन्त्रालय" को सट्टा "मन्त्रालय",

(ख) "शिक्षक यूनियन" को सट्टा "नेपाल शिक्षक महासङ्घ",

(ग) "ग्रामीण शिक्षा विकास कोष" को सट्टा "शिक्षा विकास कोष",

(घ) "गाउँ विकास समिति" को सट्टा "गाउँ पालिका",

(ङ) "जिल्ला विकास समिति" को सट्टा "जिल्ला समन्वय समिति",

(च) "पूर्व प्राथमिक शिक्षा" को सट्टा "प्रारम्भिक बाल शिक्षा",

(६) शिक्षा (आठौं संशोधन) ऐन, २०७३ को दफा ३९ र ४१ देहाय बमोजिम रहेका छन्ः

३९. उच्च माध्यमिक तहमा अध्यापनरत शिक्षक सम्बन्धी व्यवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिमको उच्च माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई आयोगले यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र अस्थायी अध्यापन अनुमतिपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम अस्थायी अध्यापन अनुमतिपत्र पाएका शिक्षकले पाँच वर्षभित्र आयोगबाट स्थायी अध्यापन अनुमतिपत्र लिनु पर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिमको उच्च माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षकलाई प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ

(२) यो ऐन प्रारम्भ भएको क्षेत्रमा शिक्षा ऐन, २०२५ र शिक्षा नियमहरु, २०२७ लागू हुने छैनन् ।

---

भएपछि माध्यमिक शिक्षक पदको लागि आयोगबाट हुने तोकिए बमोजिमको पहिलो विज्ञापनमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

४१. खारेजी र बचाउः (१) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ र मूल ऐनको दफा २ को खण्ड (ङ२), (ङ४) र दफा ५ खारेज गरिएका छन् ।

(२) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिमको उच्च माध्यमिक शिक्षा परिषद्बाट भए गरेका काम कारवाही बोर्डबाट भए गरेको मानिनेछ ।

(३) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिम गठित उच्च माध्यमिक शिक्षा परिषद्को नाममा रहेको चल अचल सम्पत्ति तथा दायित्व बोर्डमा सर्नेछ ।

(४) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिम गठित उच्च माध्यमिक शिक्षा परिषदमा नियुक्त भएका कर्मचारी बोर्डको कर्मचारी मानिने छन् ।

(५) बोर्डमा कायम भएका कर्मचारीहरुलाई मर्का पर्ने गरी साविकको पारिश्रमिक, सुविधा तथा सेवा शर्तमा कुनै परिवर्तन गरिने छैन ।

(६) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ बमोजिम गठित उच्च माध्यमिक शिक्षा परिषद्ले छिन्न बाँकी उजूरीको कारवाही र किनारा बोर्डले गर्नेछ ।

(७) केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरुः–

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१" ।